आज मिति २०७७ साल असोज १८ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेँल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुल बहादुर खड्का, ना.सु.
श्री राजेश कुमार बुढा, स्वास्थ्य संयोजक
श्री रेविका परियार, शाखाकर्मी

Scanned with CamScanner

१०४ ७१ ।

मिति २०७७।६।१८ गतेका दिन नगरस्तरिय विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतमा बसेको सर्वदलिय, सर्वपक्षिय बैठकबाट निर्णय भई सिफारिस भएका तपसिल बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १ :** यस नगरपालिकाबाट भेरीगंगा ११ राताचौरमा बहुउद्देश्यीय भवनलाई आइसोलेशन सेन्टरको रुपमा मात्र संचालन गर्ने निर्णय गरियो । अब उप्रान्त बाहिरबाट आउने व्यक्तिहरुलाई नेपाल सरकारको मापदण्ड बमोजिम होम क्वारेन्टाइनमा राख्ने र सो कार्यका लागि यस अघि कार्यपालिका बैठकबाट गठन गरिएको वडा अध्यक्ष ज्यूको अध्यक्षतामा रहेको समितिलाई नै निरन्तरता दिने निर्णय गरियो । होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरु लक्षणसहित संक्रमित भएमा सम्बन्धित स्वास्थ्यकर्मीहरुको निर्देशन अनुसार पिसिआर परिक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस नगरपालिकाबाट भेरीगंगा ११ राताचौरमा बहुउद्देश्यीय भवनलाई तत्काल महिला, पुरुष अलग अलग बस्न मिल्ने गरी हललाई विभिन्न कोठाहरुको रुपमा तत्काल छोटो समय र मौखिक आदेशमा निर्माण गर्न कोटेशनमार्फत श्री लक्ष्मी आल्मोनियम उद्योग प्रालि र जयश्री लक्ष्मी आल्मोनियम उद्योग प्रालिलाई दिई रु ९ लाख बराबरको कार्यसम्पन्न भईसकेकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** भेरीगंगा नगरपालिकामा कोभिड १९ कोरोना भाइरस रोग फैलिएदेखि हालसम्मको भारत, तेश्रो मुलुक, छिमेकी जिल्ला र यस नगरपालिकामा भित्रिएका नगरबासी र संक्रमित उपचार गरिएका नागरिक संक्रमितहरुको तथ्यांक बैठकमा जानकारी प्रदान गरियो ।

**निर्णय नं. ४ :** नेपाल सरकारबाट यस नगरपालिकाका लागि प्राप्त रु १० लाख रुपैयाँले यस नगरपालिकाको वडा नं. १२ मा रहेको छिन्चु स्वास्थ्य चौकीलाई कोभिड अस्पतालको रुपमा विकसित गर्ने । उक्त कार्यका लागि आवश्यक पर्ने १ जना डाक्टर (आठौ तह), १ जना स्टाफ नर्स(पाँचौ तह) र १ जना कार्यालय सहयोगी भर्ना प्रक्रियालाई अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** यस नगरपालिकाबाट कोभिड अस्पताल निर्माण र आइसोलेशन स्थापना गर्ने कार्यका लागि आवश्यक पर्ने रकम व्यवस्थापनका लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस नगरपालिकाबाट विभिन्न विद्यालयहरुमा संचालन गरिएका क्वारेन्टाइनहरुलाई निर्मलीकरण गर्ने कार्यका लागि कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस नगरपालिकाबाट कोभिड १९ कोरोना भाईरस नियन्त्रणका सिलसिलामा आ.व. २०७६।०७७ सालदेखि हालसम्म भएको खर्चको भुक्तानी दिन बाँकी म.ले.प. १८ नम्बरको कोभिड नियन्त्रण सम्बन्धि सम्पूर्ण शिर्षकको रकम भुक्तानी दिन सिफारिस गर्ने साथै बबईको हेल्प डेस्कमा काम गरेका सहयोगीहरुको रकम समेत भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :** मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसि) नेपालले यस भेरीगंगा नगरपालिका भित्र मनोसामाजिक परामर्शलगायतका कार्यको लागि संस्थाको तर्फबाट १ जना मनोसामाजिक संयोजक र मनोसामाजिक कार्यकर्ता २ जना उपलब्ध गराउनु प्रतिवद्धता जाहेर गरेको र उक्त कार्यलाई प्रभावकारी बनाउन यस नगरपालिकाबाट सामुदायिक मनोसामाजिक कार्यकर्ता २ जना थप गर्ने र उक्त २ जनाका लागि आवश्यक पर्ने पारिश्रमिक लगायतको खर्चको लागि आवश्यक पर्ने न्यूनतम रु ३ लाख करार सेवा शुल्कबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** यस नगरपालिकाभित्र रहेका विद्यालयहरुको आर्थिक कारोबारहरुको लेखापरिक्षण गर्ने सिलसिलामा ७ दिने सूचना प्रकाशन गरी लेखापरिक्षकहरुको सूचीकृत गर्ने र प्राप्त सूचीअनुसार न्यनतम रकममा लेखापरिक्षण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

Shagun

Scanned with CamScanner

निर्णय नं. ०९ : यस नगरपालिकामा कोभिड-१९, कोरोना भाइरस रोगको बिरामीहरु समेतलाई ओसारपसार गर्ने कार्यमा खटिएका नगरका एम्बुलेन्समा चालकको सुरक्षाका लागि बयाथिन राख्ने निर्णय गरियो ।

निर्णय नं. १० : वडा कार्यालयमा मासिक रुपमा वडा बैठकको लागि खाजा तथा चिया बापत न्यूनतम रुपमा ३ हजारका दरले वडाको विविध खर्चबाट कट्टाहरु हुने गरी खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : यस नगरपालिका क्षेत्रभित्र व्यक्तिको भवन निर्माण कार्य गर्दा सुरुदेखि नै नक्सापास तथा भवन निर्माणको पूर्व अनुमति लिएर मात्र निर्माण कार्य सुरु गर्न एकपटक सार्वजनिक सूचना प्रकाशन गर्ने व्यक्तिको बैकिङ प्रयोजनको हकमा सधियार बुझि भवनको अवस्था खुलाई अभिलेख पत्र दिने निर्णय गरियो ।

निर्णय नं. १२ : छिन्चुखोला, डुगींखोला, मोहटीखोला र मुरलीखोलाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन छलफल गरियो । र उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै स्वीकृत भएको प्रतिवेदन अनुसार खरिद प्रक्रियाको लागि बोलपत्र सूचना आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : आ.व. २०७७।०७८ को नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, मिस्कट उत्खननको राजस्व प्रति क्यू फिट रु. ३ (तीन) राख्ने निर्णय गरियो ।

निर्णय नं. १४ : भेरीगंगा नगरपालिका अन्तर्गत सामुदीयक ग्रामीण विद्युतीकरणका लागि बाँकी रहेका स्थान तथा वडा नं. १, २, ३, ५, ६ र ७ मा नयाँ विद्युत विस्तार गर्नको लागि लागत स्टीमेट अनुसारको रकम विनियोजन गरी विद्युतीकरण कोष स्थापना गर्दै समपुरकको लागि नेपाल विद्युत प्राधिकरण विभाग र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १, २, ३, ५, ६ र ७ मा विद्युत विस्तार गर्ने प्रयोजनको लागि विनियमावली बमोजिम यस नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्दको अध्यक्षता तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख - अध्यक्ष
श्री रेणु आचार्य, नगर उप प्रमुख - उपाध्यक्ष
श्री जगत बहादुर बस्नेत प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

सम्पूर्ण वडा अध्यक्षहरु (सदस्य)

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रेशम बहादुर पुन वडा न. ४ सदस्य

Shagun

Scanned with CamScanner